**आ.व. ०७२/०७३ को लागि नीतिगत निर्णयहरु**

**निर्णय नं. १**

चालु आ.व. मै नगरपालिका वाट भू-उपयोग योजना निर्माण गरि कार्यन्वयन गरिने छ । वसोवासको क्षेत्रमा राष्ट्रिय भवन निर्माण संहिता २०६० र भवन निर्माण सम्बन्धि मापदण्ड २०७१ वमोजिमको मापदण्ड अनुसारको घर तथा भवनहरु निर्माण गरिने छ । कृषी क्षेत्रमा टाउन प्लानको लागि स्वीकृती नदिने । र जथाभावी सडकको ट्र्याक खोल्न नदिने निर्णय गरियो ।

**निर्णय नं. २**

नगरपालिकाको वडा नं. ४ र ५ को करिव २० विगाहा जग्गामा ( land pooling ) कार्यक्रम संचालन गरी व्यवस्थीत वसोवासको क्षेत्रको रुपमा विकास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३**

नगरपालिकाको वडा ६, ७, ८ र १० को राजमार्ग देखि ५०० मिटर उत्तर र दक्षिण लाई वातावरण मैत्री क्षेत्र घोषणा गरी वातावरण मैत्री लोगो प्राप्त गर्न कार्यक्रम संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४**

नगरपालिकाको ल्याण्ड फिल्ड साईडको लागि वडा नं. २ को पेटवनिया सामुदायिक वनको उत्तर पश्चिम तर्फ र वडा नं. ३ को वसन्तपुर फुलवारी टोल पश्चिम वगरको क्षेत्रलाई ल्याण्ड फिल्ड साईडको रुपमा विकास गरी वडा नं. १ देखि ५ सम्मको फोहोर व्यवस्थापन गर्ने र वडा नं. ११ को गणेश नगर प्रतिक्षालय उत्तर र राजमार्ग उत्तर केउली पूर्वको क्षेत्रलाई ल्याण्ड फिल्ड साईडको रुपमा विकास गरी वडा नं. ६ देखि ११ सम्मको फोहोर व्यवस्थापन गर्न निर्णय गरियो ।

**निर्णय नं. ५**

नगरपालिकाको ८ वडाका ३०० घर धुरीहरुमा नव प्रभात महिला सहकारीको समन्वयमा नमुना कार्यक्रमको रुपमा सड्ने र नसड्ने फोहर छुट्याउन ५०/५० प्रतिशत लागत सहभागितामा ( निजी क्षेत्रको सहयोगमा ) वाल्टिन प्रयोगमा ल्याउने निर्णय गरियो । साथै सड्ने फोहरवाट कम्पोष्ट मल वनाई प्रयोगमा ल्याउने निर्णय गरियो ।

**निर्णय नं. ६**

नगरपालिकाले सामुदायिक वन संजालको समन्वय , श्रृष्टि सामुदायिक वन र वुद्ध सामुदायिक वन सँगको साझेदारीमा १५ हेक्टरमा २४००० संख्यामा वृक्षारोपण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

नगरपालिकामा स्वास्थ्य र सफा मासु आपुर्तिको लागि देवदह नगरपालिकाको सिमानामा रहेको वुटवल उप महानगरपालिका वाट संचालित पशु वधशालालाई समन्वय गरी स्वस्थ मासु आपुर्ति गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

देहायका आयोजना तथा कार्यक्रमहरुलाई देवदह गौरवको आयोजनाको रुपमा घोषणा गर्ने निर्णय गरियो ।

**तपशिल**

- मायादेवी चक्रपथ निर्माण आयोजना
- महामानव गौतम वुद्धको मावली स्थल भवानीपुरमा नेपाल सरकार, पुरातत्व विभाग र लुम्विनी क्षेत्र विकास कोषको सहकार्यमा THE GOLDEN TEMPLE OF LOVING BUDDHA निर्माण आयोजना
- तात्कालीन कोलिया राज्यको राजधानी देवदह लाई नेपाल सरकार, पुरातत्व विभाग र लुम्विनी क्षेत्र विकास कोषको सहकार्यमा वगैचा सहितको सुन्दर दह यशोधरा पार्क निर्माण आयोजना
- नगरपालिकाको वडा कार्यालय सित्तलनगरको जग्गामा पर्यटन संग्रालय र सूचना केन्द्र, कोसेलीघर सहितको वहु उद्देश्यीय भवन निर्माण आयोजना ।
- पाकडी बृक्ष संरक्षण आयोजना ।

**निर्णय नं. ११**

नगरपालिकाको मुख्य सडक र आसपासको सडक वत्तीको व्यवस्थाको लागि उद्योग वाणिज्य संघ / संगठन र टोल सुधार समिति मार्फत सहकार्य गरी व्यवस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १२**

नगरपालिकाका वस्तिहरुको भूगोल, भौतिक संरचना, जनघनत्व र जातजातीहरुको वसोवासको आधारमा न्यूनतम ५० देखि १०० घरधूरीहरुलाई समेटी टोल सुधार समिति गठन गर्ने निर्णय गरियो । टोल सुधार समितिको निर्माण तथा संचालन कार्यविधी देहाय अनुरुप हुने निर्णय गरियो ।

**टोल सुधार समितिको संरचना र कार्यविधि**

१. ७ देखि ११ जनाको कार्य समिति हुनेछ ।
२. अध्यक्ष , सचिव र कोषध्यक्ष मध्ये एक जना अनिवार्य महिला हुनु पर्नेछ ।
३. कार्य समितिमा अनिवार्य ३३ प्रतिशत महिला हुनु पर्नेछ ।
४. समितिको बैठक हरेक महिनाको १ पटक अनिवार्य र आवश्यकता अनुसार बस्न सक्नेछ । ५० प्रतिशत सदस्य उपस्थित भएमा गणपुरक संख्या पुग्नेछ । समितिले आवस्यकता अनुसार वडा सचिब र अन्य विषयगत अतिथि लाई बैठकमा आमन्त्रण गर्न सक्नेछ ।
५. समितिले बैक खाता संचालन गर्न पाउनेछ । अध्यक्ष , सचिव र कोषध्यक्ष को संयुक्त नाममा खाता संचालन गर्नु पर्नेछ ।
६. समितिले सामुदायिक क्रियाकलाप संचालन गरि आय आर्जन गर्न सक्नेछ ।
७.समितिले बर्षको १ पटक सार्बजनिक लेखा परिक्षण गरि खर्च को सार्वजनिक परिक्षण गराउनु पर्नेछ र त्यसको प्रतिलिपि नगरपालिकाको कार्यालयमा पेश गर्नु पर्नेछ ।
८. टोल सुधार समिति हरु नगरपालिकामा दर्ता गर्नु पर्नेछ । दर्ता गर्दा कुनै शुल्क लाग्ने छैन ।

**टोल सुधार समितिका कार्यहरु :–**

१. नगर भित्रका सार्वजनिक, पुरातात्विक, सास्कृतिक, ऐतिहासिक सम्पती तथा सम्पदाहरुको संरक्षण तथा पर्वद्धन गर्नु पर्ने ,
२. हरेक हप्ताको शनिवार विहान ६:३० देखि ७:३० सम्म सवै सदस्यहरु टोल तथा वस्तीको सरसफाईमा जुटाउनु पर्ने ,
३. नेपाल सरकार र नगरपालिकावाट संचालन हुने कार्यक्रम तथा आयोजनाहरुमा जन सहभागिता जुटाउने तथा कार्यक्रम तथा आयोजना संचालनमा गुणस्तरीय र पारदर्शिता गर्ने गराउने ,
४. व्यक्तिगत घटना दर्ता समयमै गर्न सु-सूचित गर्ने ,
५. समाजमा रहेका कुरिति बिरुद्ध अभियान संचालन गर्ने ,
६. लागुपदार्थ बिरुद्ध चेतना बृद्धि गर्दै सचेत गराउने र दिवा मदिरा निषेदित कार्यक्रम , सार्वजनिक स्थानमा सुर्तिजन्य पदार्थ प्रयोग मा रोक जस्ता अभियान संचालन गर्ने ,
७. एक टोल एक पहिचान कायम गर्नुपर्ने ,
८. टोलका साना तिना झै झगडा समाधान गरी शान्तिपूर्ण वातावरण कायम गर्ने ।

**निर्णय नं. १३**

राजश्व परिचालनको क्षेत्रको विस्तार गर्न वर्षको एक पटक एक हप्ते कर सप्ताह संचालन गर्ने र उक्त कर सप्ताहमा घुम्ती सेवा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**

नगरपालिकाको समग्र विकासको लागि गुरु योजना निर्माण गर्न सङघिय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**

नगरपालिकाको सम्पुर्ण सार्वजनिक जमिन तथा सम्पतीको लगत तयार गरी संरक्षण गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**

नगर क्षेत्रमा निर्माण हुने भवन तथा घरहरुमा संलग्न डकर्मी तथा मिस्त्रीलाई भवन संहिता सम्वन्धि तालिम निजी क्षेत्रको सहयोगमा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १७**

देहायका सदस्य रहने गरी नगर स्तरिय पर्यटन प्रर्वद्धन तथा विकास समिति गठन गर्ने निर्णय गरियो ।

- अध्यक्ष : सभापति ( सभापतिको निर्वाचन नहुदा सम्म कार्यकारी अधिकृत )
- सदस्य : नमराज पुरी देवदह – ६
- सदस्य : सिद्धिचरण भट्टराई देवदह – ८
- सदस्य : वासुदेव रिमाल देवदह – ७
- सदस्य : मोतिलाल ढकाल (कृष्ण) देवदह – ८
- सदस्य : माधव रिमाल देवदह – ६
- सदस्य : दल बहादुर विरकट्टा देवदह – २

**निर्णय नं. १८**

विद्यालयमा वाल कक्षा संचालन गर्दा जिल्ला शिक्षा कार्यालयको मापदण्ड अनुरुप देहायका विद्यालयहरुले वाल विकास कक्षाहरु संचालन गर्नु पर्ने निर्णय गरियो ।

१. महामाया उच्च मा.वि.
२. भविष्य निर्माण उच्च मा.वि.
३. केरवानी उच्च मा.वि.
४. देवदह उच्च मा.वि.
५. युग ज्योती मा.वि.

**निर्णय नं. १९**

देवदह लाई आन्तरीक तथा बाह्य पर्यटक भित्राउन घरबास पर्यटन कार्याक्रम होमस्टे (HOMESTAY) संचालन गर्न वडा नं. ७ को सरनटाडीको मगर वस्तीलाई छनौट गरी पूर्वधार निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २०**

पर्यटकीय स्थल माथागढी विकास गर्न देवदह नगरपालिका र पाल्पाको गोठादी गा.वि.स. साथै पाल्पा जि.वि.स. सँग समन्वय गर्ने निर्णय गरियो ।

**निर्णय नं. २१**

नगर शिक्षा समिति मार्फत वौद्ध दर्शन, स्थानीय पुरातात्विक, सम्पदा, संस्कृती र अनुशासन सम्वन्धी स्थानीय पाठ्यक्रम तय गरी कक्षा ६ र ७ मा संचालन गर्ने निर्णय गरियो ।

**निर्णय नं. २२**

महा मानव गौतम बुद्धको मावली स्थल देवदह नगरपालिका आध्यात्मीक तथा सास्कृतीक नगर भएकोले वौद्ध धार्मिक सम्प्रदाय सँग सामिप्यता कायम गरी असल वन्धुत्व कायम गर्दै पर्यटन पर्वद्धन गर्न मित्र राष्ट्र जपानको स्थानीय निकाय सँग भगिनी सम्वन्ध कायम गर्न नेपाल सरकार र नेपाल स्थीत जापानी राजदुतावास सँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णर्य नं. २३**

देवदह क्षेत्रको आध्यात्मीक तथा पर्यटकिय विकासको लागि अधिकार सहित देवदह विकास कोष स्थापनाको लागि नेपाल सरकार सँग अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २४**

नगरपालिको को पुरातात्वीक क्षेत्र भवानीपुर, वैरी माई, कन्यामाई, खयरडाडा, देवदह क्षेत्रलाई उत्खनन तथा संरक्षण गर्न वजेट तथा कार्यक्रमको व्यवस्था गर्न पुरातत्व विभाग र लुम्विनी क्षेत्र विकास कोषलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. २५**

एक नगर एक उत्पादनको अवधारणा अनुरुप यस नगरपालिका भित्र दुग्ध उत्पादनको प्रयाप्त संभावना रहेकोले दुग्ध उत्पादनलाई पहिचानको रुपमा वजारीकरण गर्ने निर्णय गरियो ।

**निर्णय नं. २६**

नगरपालिकाको विकास निर्माणमा प्रयोग हुने विभिन्न तपशिल वमोजिमको निर्माण सामाग्रीको ल्याव टेस्ट गर्नुपर्ने निर्णय गरियो ।

**<u>तपशिल</u>**

- वाटो कालो पत्रे गर्दा माटो, वालुवा, गिट्टी तथा अलकत्रा को अनिवार्य ल्याव टेस्ट गर्नु पर्ने ।
- निर्माणमा प्रयोग हुने कुनै पनि सिमेन्टको ल्याव टेस्ट अनिवार्य हुनु पर्ने ।

**निर्णय नं. २७**

सेवाग्राहीहरुलाई सम्मानका साथ सेवा दिन सेवाग्राही प्रति खुल्ला हृदयले सेवा दिने प्रणाली Smilling Service लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २८**

परिमार्जित नागरिक वडापत्र लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. २९**

बोर्ड वैठकका निर्णयहरु र आय व्यय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं.३०**

चालू आ.व.०७१।७२ को बजेट, नीति तथा कार्यक्रममा बजेट अनुरुप संशोधन गर्न न.पा. बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३१**

नगर क्षेत्र भित्र रहेको ऐलानी, पर्ति, सार्वजनिक र यस न.पा.को स्वामित्वमा रहेको जग्गाको तारवार, नक्शांकन, संरक्षण र सम्बर्द्धन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३२**

उपभोक्ता मार्फत आयोजना संचालन गर्दा मूल्यांकन विलको आधारमा भुक्तानी दिने प्रणाली लागु गरी पेश्की शुन्य प्रणाली लागु गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३३**

"पर्यटन, कृषि र पूर्वाधार, समृद्ध देवदहको मुल आधार" भन्ने विकास नारालाई कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३४**

नगरपालिकाको स्थायी दरवन्दी पदपूर्ति गर्न पदपुर्ति समितिको अध्यक्ष देवदह नगरपालिका वडा नं. ४ बस्ने श्री भिम पाण्डे लाई २ बर्षको लागि नियुक्ती गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३५**

उपभोक्ता समिति मार्फत संचालन हुने आयोजनाहरुलाई कार्यस्थलमा स्वीकृत ढाँचामा नगरपालिकाको प्रतिनिधिको रोहवरमा सार्वजनिक परीक्षण गरेर मात्र अन्तिम भुक्तानी दिने व्यवस्थालाई अनिवार्य वनाउने निर्णय गरियो ।

**निर्णय नं. ३६**

यस नगरपालिकाद्धारा विभिन्न वडाहरुमा संचालन हूने विकास निर्माण आयोजनाहरुको बोलपत्र मुल्यांकन समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री प्रमुख एवं कार्यकारी अधिकृत
सदस्य श्री इन्जिनियर
सदस्य श्री लेखापाल

**निर्णय नं. ३७**

आ.व.०७१/७२ को लेखापरीक्षण गर्न लेखापरीक्षक नियूक्तिका लागि नगरपालिका बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ३८**

यस नगरपालिकाद्धारा विभिन्न वडाहरुमा संचालन भई सम्पन्न हूने सम्पुर्ण विकास निर्माण आयोजनाहरुको गूणस्तर मापन एवं प्रभाव मुल्यांकन गर्दै यस सम्बन्धमा भावी नीति तर्जुमा गर्ने कार्यमा सहयोग समेत पुऱ्याउने उद्देश्यले निम्नानूसारको योजना, जांचपास तथा फरफारक समिति गठन गर्ने निर्णय गरियो ।

संयोजक श्री प्रमुख एवं कार्यकारी अधिकृत
सदस्य प्रशासन अधिकृत
सदस्य श्री इन्जिनियर
सदस्य श्री लेखापाल
सदस्य सचिव श्री ना.सु., योजना

**निर्णय नं. ३९**

प्रत्येक योजनाबाट २ प्रतिशत रकम मर्मत सम्भार कोष र ३ प्रतिशत रकम कन्टिन्जेन्सी वापत कट्टा गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४०**

आ.व.०७१।७२ को जिन्सी निरीक्षण, जिन्सी लिलाम, मिनाहा गर्ने कार्यको लागि न.पा. बोर्डलाई अधिकार प्रत्यायोजन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४१**

नेपाल सरकारले निर्दिष्ट गरेको लक्षित वर्ग अन्तर्गतका योजनाहरु वाहेक अन्य योजनाहरुमा कम्तिमा २५ प्रतिशत लागत सहभागिता / जनसहभागिता जूटाउने गरी आयोजनाहरु कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं.४२**

नगरपालिकाको सिमा क्षेत्र भित्र रहेका सम्पुर्ण व्यक्तिगत एवं सार्वजनिक जग्गाको पून:नापी गरी नयां नाप नक्शा तयार गर्नका लागि संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयम मार्फत सम्बन्धित निकायमा पहल गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४३**

नगरपालिका बोर्ड बैठकले निर्णय गरेका देहायका सडकहरुको मापदण्ड निर्धारण गर्ने निर्णय गरियो ।

| सि. नं | सडकको नाम | प्रस्तावित मापदण्ड | कैफियत |
|---|---|---|---|
| १ | पुर्व पश्चिम राजमार्ग | | राष्ट्रिय सडक मापडण्ड अनुसार |
| २ | फिडर रोड | दुवै तर्फ १५।१५ मिटर | |
| ३ | चकपथ | दुवै तर्फ २०।२० फुट | |
| ४ | नगरपालिका शाखा मार्ग | दुवै तर्फ १०।१० फुट | |
| ५ | खैरेनी धकधई मार्ग | दुवै तर्फ १२.५।१२.५ मिटर | |
| ६ | खैरेनी गोठादी सडक मार्ग | दुवै तर्फ १५।१५ मिटर | |
| ७ | सित्तलनगर मणिग्राम सडक | दुवै तर्फ १५।१५ मिटर | |
| ८ | वनकित्ता टटेरा सडक | दुवै तर्फ ८.५।८.५ मिटर | |

**नोट : भवन संरचना निर्माण गर्दा ३ फुट न्युनतम सेडब्याक छोडनु पर्नेछ**

**निर्णय नं. ४४**

बुटवल उप-महानगरपालिका सिमाना देखि सुनवल नगरपालिका सिमाना सम्मलाई सफा सडकको रुपमा विकास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४५**

देवदह नगरपालिका शहर उन्मुख भएकोले घर निर्माणको बढ्दो अवस्थालाई ख्याल गर्दै निर्माण सम्पन्न घरको स्वयं घरधनी सम्पुर्ण जिम्मेवार हुने गरी पांच तला सम्मको घरको नक्सा पास गर्ने तथा नयां घर निर्माणको स्विकृति दिने निर्णय गरियो ।

**निर्णय नं. ४६**

प्रत्येक वर्ष एक सडकलाई नमूना सडकको रुपमा विकास गर्ने नीति अनुरुप राजमार्ग सँग जोडिएको अन्नपूर्ण मार्ग सडकलाई कालोपत्रे, वृक्षारोपण, नियमित सरसफाई, मर्मतसम्भार गर्ने निर्णय गरियो ।

**निर्णय नं. ४७**

यस नगरपालिकाको फोहर व्यवस्थापनको लागि ६ देखि ११ सम्मको सडक सार्वजनिक निजी साझेदारी अवधारणा अन्तर्गत निजि क्षेत्रलाई परिषदले निर्णय गरेकै शुल्कमा नबढने गरी सरसफाई शुल्क उठाउने अधिकार दिई फोहर व्यवस्थापन गर्न जिम्मा दिने निर्णय गरियो । वडा नं. १ देखि ५ सम्मको फोहोर नगरपालिका बाटै ब्यावस्थापन गर्ने निर्णय गरियो ।

**निर्णय नं ४८.**

देबदह नगरपालिकाको दिगो विकासको आधार तय गर्न आवधिक नगरविकास योजना तयार गर्न संघीय मामिला तथा स्थानीय विकास मन्त्रालयलाई अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं ४९.**

यस देबदह नगरपालिकामा पर्ने लोकमार्ग लगाएतका अन्य शाखा बाटो वरपर फोहर मैला फाल्ने कार्य गरेको पाईएकाले उक्त कार्य नगर्न सम्पूर्ण वडा बासीहरुमा अनूरोध गर्ने र अटेर गरि यसो गरिएको पाईएमा कार्यलयको नियम बमोजिम जरिवाना लिने निर्णय गरियो ।

**निर्णय नं. ५०**

लुम्बिनि बौद्ध विश्व विद्यालयको अनुसन्धान केन्द्र र मेडिटेसन सेन्टर स्थापना गर्न यस नगरपालिका वडा नं. ३ टटेरामा रहेको ४ विगाहा जग्गा लुम्बिनि विश्व विद्यालयलाई भोगाधिकार दिन नेपाल सरकार लाई सिफारिस गर्ने निर्णय गरियो।

**निर्णय नं ५१**

नगरपरिषदको तयारीको लागि यस नगरपालिकामा कार्यरत कर्मचारीहरुले विहान र साँझ समेत काम गर्नुपर्ने भएकोले परिषद तयारीमा खट्ने कर्मचारीहरुलाई एक महिनाको तलव वरावरको रकम भत्ता स्वरुप उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं ५२**

अव्यवस्थित वसोवास भएका ठाँउहरुमा व्यवस्थित वसोवास र जग्गाधनि प्रमाण पुर्जाका लागी सम्वन्धित ठाँउमा अनुरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५३**

यस नगरपालिकाको कार्यक्षमता सुधार ल्याउन विज्ञहरुको सुझावलाई कार्यान्वयन गर्न २२ जनाको विज्ञहरुको रोस्टर तयार गर्ने निर्णय गरियो । उक्त विज्ञ समुहको वैठक प्रत्येक ४ महिनामा वस्ने र वैठकको सुझावलाई पृष्ठपोषणको रुपमा लिई निरन्तर सुधार गर्ने निर्णय गरियो ।

**तपशिल :**

| क.सं. | नाम थर | ठेगाना |
|---|---|---|
| १ | विजय भुर्तेल | देवदह - ७ |
| २ | रमेश मुनाङकमी | देवदह - ५ |
| ३ | निलकण्ठ पौडेल | देवदह - ३ |
| ४ | कृष्ण भुसाल | देवदह - ६ |
| ५ | मित्रलाल न्यौपाने | देवदह - ५ |
| ६ | सौरभ चापागाई | देवदह - |
| ७ | लेखनाथ न्यौपाने | देवदह - ६ |
| ८ | लिलाधर मरासीनी | देवदह - ६ |
| ९ | खेमराज आत्रेय | देवदह - |
| १० | मणि प्रसाद शर्मा | देवदह - ५ |
| ११ | हिरा बहादुर खत्री | देवदह - ११ |
| १२ | जिवलाल पराजुली | देवदह - ६ |
| १३ | दल बहादुर विरकट्टा | देवदह - २ |
| १४ | झिल्लु न्यौपाने | देवदह - ६ |
| १५ | झलक पौडेल | देवदह - ११ |
| १६ | मनिष पंगेनी | देवदह - ६ |
| १७ | डा. जिन्दाल | देवदह - १० |
| १८ | डा. कृष्ण न्यौपाने | देवदह - ६ |
| १९ | युवराज गिरी | देवदह - ३ |
| २० | डा. गितु गिरी | देवदह - |
| २१ | लक्ष्मी कंडेल | देवदह - ७ |
| २२ | अमृतमान शाक्य | देवदह - ६ |

**निर्णय नं. ५४**

देबदह भित्र संचालित सहकारी, गैर सरकारी संस्था, आमा समुह ,क्लबहरुले नगरपालिकामा अनिवार्य रुपले दर्ता गरेरमात्र संचालन गर्नुपर्ने र प्रत्येक आ.व. को असोज मसान्त भित्र लेखा परिक्षण गरी नविकरण गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ५५**

नगरपालिकाको वडा नं. ९ मा रहेको ऐतिहासिक पाकडी बृक्षलाई सिद्ध बृक्ष (Tree of Heaven) नामाकरण गर्ने निर्णय गरियो । यस बृक्षलाई साक्षीराखी सफा हृदयले सम्पत्ति,सन्तती,सुख शान्ती र प्रेम प्रस्ताब राखेमा पुर्ण हुने किंवदन्ती लाई विश्वास राख्ने निर्णय गरियो । पाकडी बृक्षको छायामा कम्तीमा १५ मिनेट ध्यान गरेमा अन्तष्करण शुद्ध हुने किवंदन्तीलाई विश्वास गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५६**

सडक कालोपत्रे गर्दा lab test अनिवार्य गर्नुपर्ने भएकोले लागत स्टीमेटमै lab test को लागि लागत छुट्टाउने निर्णय गरियो ।

**निर्णय नं. ५७**

वैशाख मसान्त पछि कुनै पनि योजना सम्झौता नगर्ने र आषाढ १५ सम्म फरफारक नगरेमा स्वत सम्झौता रद्ध हुने निर्णय गरियो ।

**निर्णय नं. ५८**

देवदह नगरपालिका को वडा नं. ६ प्रगति वजार स्थीत कृषि उपज संकलन तथा बिक्री केन्द्र भवनलाई नगरपालिकाको मातहतमा ल्याउने र त्यसको माथिल्लो २ कोठा र हल समेत कृषि सेवा केन्द्र र पशु सेवा केन्द्रलाई प्रयोग गर्न दिने निर्णय गरियो ।

**निर्णय नं. ५९**

खैरेनी बजारको आसपासको क्षेत्रमा तरकारी तथा फलफूल बजार संचालन गर्न सार्वजनिक निजी साझेदारीमा संचालन गर्न उपयुक्त स्थान पहिचान गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६०**

नगरपालिका भित्र संचालित ठेला तथा रेक्शा नगरपालिकामा दर्ता नविकरण गरी संचालन गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ६१**

नगरपालिका क्षेत्र भित्रका जग्गा प्लटिङ्ग गर्दा अनिवार्य रुपमा नगरपालिका बाट स्वीकृती लिनु पर्ने र न्युनतम २० फुट सडक, खानेपानी, ढल निकास र विधुतको व्यवस्था सहित निवेदन पेश गर्नु पर्ने निर्णय गरियो ।

**निर्णय नं. ६२**

व्यवसाय दर्ता नविकरण गर्दा आन्तरिक राजश्व कार्यालय र घरेलू तथा साना उद्योग कार्यालयले नगरपालिकाको सिफारिसलाई आधार बनाउन अनूरोध गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६३**

वडा नं. १० भलुहीमा संचालनमा रहेको गाँउघर क्लिनीकमा आर्युवेद औषाधालयको शाखा संचालनका लागि सम्बन्धित निकायमा सिफारिस गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६४**

देवदह नगरपालिका वडा नं. ७ शिवालय टोलमा खानेपानी टकि निर्माण र मुहान व्यावस्थापन गर्न LGCDP कार्यक्रम मार्फत योजना माग गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६५**

यस देवदह नगरपालिकामा कार्यरत सामाजिक परिचालकहरुलाई कार्यलयको कार्यबोझका कारण अतिरिक्तसमयमा समेत काममा लगाउनुपर्ने भएकोले खाजा खर्च मासिक रु. १५००/- उपलब्ध गराउने निर्णय गरियो ।

**निर्णय नं. ६६**

चालु आ.व.०७१।०७२ का कार्यक्रम तथा आयोजनालाई देहाय बमोजिम संशोधन गर्ने निर्णय गरियो ।

**क) देहायका आयोजना लाई स्तरोन्नती गर्न देहायको बजेट संशोधन गर्ने निर्णय गरियो ।**

| **क.सं.** | आयोजनाको नाम | **विनियोजित रकम** |
|---|---|---|
| १ | पिपलडाडा पाकडी बृक्ष मार्ग देबदह ८ | २,७५,००० /- |
| २ | श्रीनगर मार्ग मदनग्राम देवदह ८ | ४१८००/- |
| ३ | सयपत्रि मार्ग वडा कार्यालय भवन अगाडि देवदह ८ | १,१६,६०० /- |
| ४ | केशव मार्ग देवदह ८ | ५५,०००/- |
| ५ | अन्नपुर्ण मार्ग देवदह ८ | ३,२२,३००/- |
| ६ | लखन थापा मार्ग देवदह ९ | १९२५०० /- |
| ७ | साठिबारी बंगालि बुद्ध मार्ग देवदह ९ | २८६०००/- |
| ८ | देवदह मा.वि.बनकीत्ता टटेरा सडक देवदह ९ | २८२७००/- |
| ९ | बुद्धपथ बयरी डाडा देवदह ११ | २७५०००/- |
| १० | पाल्पालि टोल मार्ग चरङ्गे देवदह ११ | २४७५००/- |
| ११ | राजमार्ग देखि चरङ्गे जाने बाटो देबदह ११ | १७०००० /- |

**ख) देहायका आयोजना कार्यक्रम संशोधन तथा थप गर्ने निर्णय गरियो ।**

| **क.सं.** | **आयोजनाको नाम** | **विनियोजित रकम रु.** |
|---|---|---|
| १ | सवारी साधन खरिद | ८०००००/- |
| २ | देवदह महोत्सव | ३०००००/- |
| ३ | कर्मचारी नियमावली | १०००००/- |
| ४ | कर्मचारी पद पुर्ति | ७०००००/- |
| ५ | केन्द्रय आवास कम्पनी जग्गा नापजाच | १०००००/- |
| ६ | भु-उपयोग योजना | ४०००००/- |
| ७ | संगठन बिकास OD | २०००००/- |
| ८ | नगर Resorce Map | २०००००/- |
| ९ | घर नं. कम्प्यूटराईज | ५००००/- |
| १० | नगरपालिका को भिडियो डकुमेन्ट्री | ५००००/- |
| ११ | होम स्टे तालिम | ५००००/- |
| १२ | जनता मा.वि. को रजत जयन्ती समारोह | ७५०००/- |
| १३ | सामुदायिक वन संजालको साझेदारीमा भुई घाँस विउ खरिद | १०००००/- |
| १४ | नगरपालिकाको पर्यटन गुरुयोजना निर्माण | ५०००००/- |
| १५ | जे.सी.वी. खरिद | ६०००००/- |
| १६ | देवदह मा.वि. देखि बनकित्ता विशालनगर सडक कालो पत्रे म्याचिगं | २०००००/- |